निर्णय प्रमाणित
[signature]
२०८१/०७/०४

मितिः२०८१।०७।०४ गतेको कार्यपालिका निर्णयः

| सि नं | विषय | निर्णय |
|---|---|---|
| १ | समीक्षा सम्बन्धमा। | मिति २०८१।०६।२० गते बसेको कार्यपालिकाको बैठकको निर्णय कार्यान्वनको समीक्षा गरियो।<br>**समिक्षामा पाइएका बिषयहरू:**<br>भएका निर्णयहरूमा ५० % निर्णय कार्यन्वयन सम्पन्न भएको पाइयो, र बाँकी ५०% मा २० % निर्णयहरू कार्यान्वयन चरणमा रहेको र बाँकी ३०% निर्णयहरू कार्यान्वयन हुन बाँकी रहेको देखियो। |
| २ | आँखा उपचार सम्बन्धमा। | लेटाङ अस्पतालमा आँखा सम्बन्धी उपचार सेवा थप गर्न आवश्यक रहेकाले उपलब्ध साझेदार संस्थाहरूसँग प्रस्ताव माग गरी आँखा उपचार सम्बन्धी सेवा थप गर्ने। |
| ३ | अस्पताल फार्मेशी सम्बन्धमा। | लेटाङ अस्पतालमा अस्पतालको मातहतमा रहेको फार्मेशी संचालनका लागि एक जना फार्मेशी सहायक (पाँचौतह) कर्मचारी आवश्यक रहेकाले अस्पतालको आन्तरिक श्रोतबाट तलब भत्ता खाने गरि कर्मचारी व्यवस्थापन गर्ने। |
| ४ | सडक बोर्ड सम्बन्धमा। | सडक बोर्ड नेपालको मितिः२०८१।०६।१३ गतेको चं.नं.४४० भएको पत्रानुसार आ.व.२०८१।८२ को बजेट स्वीकृत सम्बन्धमा सडक बोर्ड सँगको साझेदारीमा सडक मर्मत गर्ने कार्यको लागि तपसिल बमोजिमको सडक मर्मत गर्ने।<br>**तपसिल:**<br>१.लेटाङ वडा नं ३ को बजार ख र ग लाईन मर्मत संभार |
| ५ | प्रविधि हस्तान्तरण अनुदान सम्बन्धमा। | प्रविधि हस्तान्तरणका लागि अनुदान सम्बन्धमा प्रविधिको अधिकतम अनुदान रू २ लाख उपलब्ध गराउने गरि प्रस्ताव आवहान गर्ने। |
| ६ | बालमैत्री स्थानीय शासनका लागि वडा छनौट सम्बन्धमा। | आ.व.२०८१।८२ का लागि बालमैत्री स्थानीय शासनका लागि पहिलो चरणमा काम गर्नको लागि वडा नं.-४ छनौट गरी आवश्यक प्रक्रिया अगाडी बढाउने। |
| ७ | प्रस्ताव पेश गर्ने सम्बन्धमा। | सामाजिक विकास मन्त्रालयको मितिः२०८१।०६।२९ गतेको सूचना बमोजिम सूचना नं.१३ अनुसारको बिभिन्न जातजातिका समाधिस्थल, कब्रस्थान र घाटहरू साझेदारीमा निर्माणका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना बमोजिम लेटाङ नगरपालिका वडा नं ३ मा अवस्थित चिसाङ खोला मुक्तीघाटमा ५०% लागत साझेदारिमा काम गर्ने गरी प्रस्ताव पेश गर्ने। |
| ८ | व्यायामशाला निर्माण सम्बन्धमा। | मितिः२०८१।०६।२९ को सामाजिक विकास मन्त्रालयको सूचनाको सूचना नं.६ बमोजिमको लेटाङ नगरपालिकामा व्यायमशाला निर्माणका लागि नगरपालिकाको संरक्षणमा रहेको सार्वजनिक जग्गा उपलब्ध गराउने। |
| ९ | प्रस्ताव माग गर्ने सम्बन्धमा। | लेटाङ नगरपालिकामा टोलबिकास संस्था परिचालन तथा सवलिकरणका लागि नगरपालिका भित्र सक्रिय रूपमा रहेका संघ संस्थाहरूलाई देहायको शर्त तथा विषयहरूलाई समेटी टोलविकास संस्था परिचालन तथा सवलिकरणका लागि १५ लाख लागत बराबरको प्रस्ताव माग गर्न सूचना प्रकाशन गर्ने।<br>**देहाय:** |

मितिः२०८१।०७।०४ गतेको कार्यपालिका निर्णयः

| | | |
|---|---|---|
| | | १. टोल विकास संस्थाहरूको गठन, नविकरण र अध्यावधिक साथै नियमित बैठक व्यवस्थापन।<br>२. फोहोरमैला व्यवस्थापन सम्बन्धी टोलबिकास संस्थाहरू सक्रिय सहभागिता सम्बन्धी अभिमुखिकरण तथा परिचालन।<br>३. टोल विकास संस्थाहरूको योजना छनौट तथा संचालन सम्बन्धी अभिमुखिकरण अभ्यास<br>४. जनप्रतिनिधिसँग टोलवासी कार्यक्रम संचालन<br>५. नगरपालिकाको सामाजिक परिचालन कार्यबिधि,२०८१ र टोल बिकास संस्था (गठन तथा परिचालन) कार्यबिधि, २०७८ समेतलाई ध्यानमा राखि प्रस्ताव पेश गर्नुपर्नेछ। |
| १० | कार्यबिधि स्विकृत सम्बन्धमा। | लेटाङ नगरपालिका बिद्यायन समितिमा छलफल भई प्राप्त भएको लेटाङ नगरपालिकाको सामाजिक परिचालन कार्यबिधि, २०८१ स्विकृत गर्ने। |
| ११ | परामर्श सेवा खरिद सम्बन्धमा। | लेटाङ नगरपालिकामा हालसम्म रहेका ऐन, कानुन र कार्यबिधिहरू संघ, प्रदेश कानुन सँग मेल खाने गरीको समयसापेक्ष निर्माण, गर्नका लागि परामर्श सेवा खरिद गर्ने। |
| १२ | कार्यबिधि निर्माण सम्बन्धमा। | लेटाङ नगरपालिकामा देहायको कार्यबिधिहरू आवश्यक रहेकाले मस्यौदा तयार समितिलाई जिम्मेवारी प्रदान गर्ने।<br>देहायः<br>१.गरिबि निवारण कोष संचालन कार्यबिधि, |
| १३ | जिल्ला विपद् व्यवस्थापन समितिलाई सिफारिस गर्ने। | लेटाङ नगरपालिकाको वडा नं १ लोखरा टोल बस्ने दमयन्ता निरौलाको घरमा मितिः२०८१।०६।३० गते आगोलागि भएकोमा करिब ७ लाख बराबरको क्षती भएको भनि प्रहरी सर्जमिनमा उल्लेखित देखिएकाले राहात व्यवस्थापनका लागि जिल्ला विपद् व्यवस्थापन समितिलाई सिफारिस गर्ने। |
| १४ | विपद् राहत सम्बन्धमा। | आर्थिक सहायता सम्बन्धी कार्यबिधि २०७७ को दफा ७(क) बमोजिम देहायको मानिसहरूलाई विपद् राहत स्वरूप तोकिएको रकम प्रदान गर्ने।<br>१.लेटाङ नगरपाललिका वडा नं.-१ तुर्के बस्ने श्री चन्द्रबहादुर लिम्बुको भुई ढलान गरी काठले बनेको टिनको छाना भएको ३ कोठे घरको जग चिरा चिरा परी धाजा फाटेको र निदाल (बिम) छुट्टिन गई उक्त घर जोखिमपूर्ण अवस्थामा रहेको भनि माग निवेदन प्राप्त भएकाले निजलाई रू२००००/- आर्थिक सहयोग प्रदान गर्ने।(श्रोतः व्यवस्थापन कोष)<br>२.लेटाङ नगरपालिकाको वडा नं १ लोखरा टोल बस्ने दमयन्ता निरौलाको घरमा मितिः२०८१।०६।३० गते आगोलागि भएकोमा करिब ७ लाख बराबरको क्षती भएको भनि प्रहरी सर्जमिनमा उल्लेखित माग पत्र प्राप्त भएकाले निजलाई रू१००००/- आर्थिक सहयोग गर्ने।(श्रोतः विपद् व्यवस्थापन कोष) |
| १५ | प्रस्ताव पेशगर्ने सम्बन्धमा। | सामाजिक विकास मन्त्रालयको आ.व.२०८१।८२ को मितिः२०८१।०६।३० गतेको सूचना नं १६ बमोजिम डिजिटल आप्रवासन पाश्यचित्र निमार्णका लागि प्रस्तावमा आधारित अनुदान माग गर्ने। |

मिति:२०८१।०७।०४ गतेको कार्यपालिका निर्णय:

| | | |
|---|---|---|
| १६ | ओभर डिपोजिट नदिजन्य पदार्थ व्यवस्थापन सम्बन्धमा। | लेटाङ नगरपालिका चिसाङ पुल आसपासको क्षेत्रमा (उत्तर- दक्षिण) नदिजन्य पदार्थ ओभर डिपोजिट भएको सम्बन्धमा स्थानीय विपद् व्यवस्थापन समितिको सिफारिसमा जिल्ला अनुगमन समिति र जिल्ला विपद् व्यवस्थापन समितिको मिति:२०८१।०६।२१ गतेको निर्णय बमोजिम उक्त क्षेत्रको ओभर डिपोजिट नदिजन्य पदार्थ प्रचलित कानुन बमोजिम व्यवस्थापन गर्न अनुमती प्राप्त भएकाले उक्त क्षेत्रमा IEE गर्ने। |
| १७ | सांगितिक कार्यक्रम सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं.-६ को सिफारिस पत्रको आधारमा गंगेचौक यूवा क्लव लेटाङ-४ ले मिति:२०८१।०७।१६ गते देखी मिति:२०८१।०७।१८ गते सम्म ३ दिनको लागि साँस्कृतिक कार्यक्रम संचालन गर्नका लागि सिफारिस माग गरेकोले तोकिएको राजश्व लिई जिल्ला प्रशासन कार्यालय मोरङमा सिफारिस प्रदान गर्ने। |
| १८ | सहायकस्तर तहमा कार्यरत कर्मचारीको तालिम सम्बन्धमा। | प्रस्तुत विषयमा पथरी शनिश्चरे नगरपालिकाको मिति:२०८१।०६।१६ गतेको च.नं.५५४ भएको पत्रानुसार पथरी शनिश्चरे नगरपालिकाको कार्यालयमा संचालन हुन गईरहेको ३० कार्यदिनको सेवाकालिन तालिम सम्बन्धमा यस लेटाङ नगरपालिकाको सहायकस्तर चौथो तहको कर्मचारीहरूको तालिम संचालन बापत लाग्ने खर्च दामासाहि रूपमा नगरपालिकाले बेहोर्ने स्वघोषणा पत्र पठाउने। (श्रोत: कर्मचारी प्रोत्साहन) |
| १९ | "घ" वर्गको निर्माण इजाजत सम्बन्धमा। | लेटाङ नगरपालिका "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७६ को दफा २ को उपदफा २ बमोजिमको जाँजबुझ समितिको सिफारिस सहित प्राप्त देहायको व्यवसायलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यबिधि २०७६ को दफा ४ बमोजिम निर्माण इजाजत प्रदान गर्ने।<br>**देहाय:**<br>१.रोयल जाँतेली कन्सट्रक्सन प्रा.ली. – लेटाङ – ९, मोरङ |
| २० | डोरहाजिरिमा राख्ने सम्बन्धमा। | लेटाङ नगरपालिका पशु अस्पतालमा विगत १ बर्ष लामो समय अवधीदेखि पशु प्राविधिक तथा कार्यालय सहयोगिको रूपमा स्वयमसेवकको रूपमा काम गर्दै आएको श्री आकांक्षा देवानले हाल निज स्वयमसेवकको रूपमानै काम गरिरहन असमर्थ भएको भनी माग निवेदन प्राप्त भएको साथै हाल अस्पतालमा कोही पनी कार्यालय सहयोगी नरहेकाले हाल निजलाई डोरहाजिरिमा कार्यालय सहयोगी पदमा राख्ने। |
| २१ | बैकल्पिक उम्मेदवार सिफारिस सम्बन्धमा। | कृषि स्नातक पद छैटौं तहमा मिति:२०८०।११।१८ गतेको पदपूर्ति समितिको सिफारिसमा करार नियुक्त भएको श्री अलका ढकालले मिति:२०८१।०६।२१ गते यस कार्यालयमा लिखित रूपमा राजिनामा दिएकाले उक्त पदमा बैकल्पिक उम्मेद्वार सिफारिस गर्ने। |
| २२ | कार्यविधि संसोधन सम्बन्ध सम्बन्धमा | लेटाङ नगरपालिकाको नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७७ देहाय अनुसार संसोधन गर्ने<br>देहाय |

| हालको व्यवस्था | संसोधन गर्ने विषय | ससोधन गर्नुपर्नाका कारण |
|---|---|---|

मिति:२०८१।०७।०४ गतेको कार्यपालिका निर्णय:

| | | | | |
|---|---|---|---|---|
| | | दफा ८ को नगर प्रहरी कर्मचारीका लागि आवश्यक योग्यता अन्तर्गत (ख) मा पुरूष उम्मेदवारको हकमा ३५ वर्ष र महिला उम्मेद्वारको हकमा ४० वर्ष उमेर ननाघेको तर भू.पू. नेपाली सेना, प्रहरी र सशस्त्र प्रहरी र भारतीय सेनाबाट अवकास प्राप्त व्यक्तिको हकमा ४८ वर्ष उमेर ननाघेको। र अन्यत्र जेसुकै लेखेको भए तापनि अवकास प्राप्त भू.पू. को हकमा न्यूनतम शैक्षिक योग्यता आवश्यक नपर्ने। | दफा ८ को नगर प्रहरी कर्मचारीका लागि आवश्यक योग्यता अन्तर्गत (ख) मा पुरूष उम्मेदवारको हकमा ३५ वर्ष र महिला उम्मेद्वारको हकमा ४० वर्ष उमेर ननाघेको तर नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीबाट नियमानुसार अवकास प्राप्त व्यक्तिको हकमा ४८ वर्ष उमेर ननाघेको। र अन्यत्र जेसुकै लेखेको भए तापनि अवकास प्राप्त भू.पू.नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीको हकमा नगर प्रहरी असिष्टेन्ट सव इन्सपेक्टर (असई) पदका लागि एसईई वा सो सरह उत्तीर्ण भइ असई वा जम्दारबाट अवकास भएका र नगर प्रहरी हवल्दार पदका लागि दश कक्षा वा टेष्ट पास गरी हवल्दार पदबाट अवकास प्राप्त र जवान पदका लागि कक्षा आठ पास उत्तीर्ण न्यूनतम शैक्षिक योग्यता प्राप्त गरी जवान वा सो भन्दा माथिल्लो पदबाट अवकास प्राप्त तोक्ने। | भू.पू. प्रहरीका लागि योग्यता स्पष्ट पार्न आवश्यक भएकोले |
| २३ | विज्ञापन सम्बन्धमा | संशोधित कार्यविधि अनुसार तपसिलका पदमा पदपूर्ती प्रकृया अगाडी बढाउने<br>तपसिल:<br>१. भूतपूर्व तर्फः नगर प्रहरी सहायक निरीक्षक (१) एक, र नगर प्रहरी हवल्दार (१) एक,<br>२. खुला तर्फः नगर प्रहरी जवान महिला (१) एक र खुला (१) एक। | | |
| २४ | बजेट विनियोजन सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं १ मा चिसाङ खोलामा आएको भिषण बाढीको कारण लोखरा खानेपानी पाइप बगाएर पिउने पानीको उपलब्धतामा अवरूध भएकाले उक्त स्थानमा खानेपानीको पाइप मर्मत तथा खोला डाईभर्सनका लागि प्राविधिक स्टमेट बमोजिम रू१३१४४७।२५ बजेट बिनियोजन गर्ने। (श्रोतः विपद् व्यवस्थापन कोष) | | |